# पुरस्कारको लागि सिफारिस सम्बन्धी मापदण्डहरु

१) **मदन भण्डारी रुपान्तरण नेतृत्व राष्ट्रिय पुरस्कार** सिफारिसका लागि क्षेत्र र मापदण्डहरु

क) जनताको बहुदलीय जनवादले परिकल्पना गरेको सामाजिक न्याय, मानव अधिकार र लोकतन्त्रको लागि निरन्तर कृयाशिल व्यक्ति वा संस्थाः जनताको बहुदलिय जनवादले परिकल्पना गरेको सामाजिक न्याय, मानव अधिकार र लोकतन्त्र स्थापना गर्न, संरक्षण र सम्बर्द्धन गर्नको लागि आफ्नो जिवनकालमा संघर्ष गरेको, संघर्ष गर्ने व्यक्ति वा संस्थालाई सहयोग गरेको वा अन्य कुनै तरिकाले निरन्तर योगदान गरेको, वा

ख) सार्वजनिक शिक्षामा नविन प्रयोग र गुणस्तर युक्त तथा ब्यबहारिक शिक्षा अभियान कर्ता ब्यक्ति वा संस्थाः देशको बिभिन्न क्षेत्रमा रहेका सार्वजनिक विद्यालयहरुमा नया सोच र प्रविधि, पठनपाठन शैली र सिकाइको माध्यमले सार्वजनिक शिक्षाको गुणस्तर बढाउने, शिक्षालाइ ब्यबहारिक र जिवनोपयोगी बनाउने अभियान संचालन गरेको, यस्तो अभियानलाइ विस्तार र निरन्तरता दिएको, वा

ग) समाजमा हिंशा र विभेद, कुरिती र अंधविश्वास बिरुद्ध अभियानकर्ता व्यक्ति वा संस्थाः समाजमा विद्यमान जातिय, लैंगिक वा अन्य कुनै प्रकारको बिभेद, हिंशा, कुरिती र अंधविश्वासको अन्तका लागि आर्थिक, सामाजिक, सास्कृतिक रुपमा निरन्तर जनचेतना, सेवा सुविधा र न्यायमा पहुच जस्ता माध्यमबाट निरन्तर कृयाशिल रहेको

यस्ता व्यक्ति वा संस्थाको बारेमा सिफारिस गर्दा निम्न सूचनाहरु संलग्न गर्नुपर्ने छः

- व्यक्ति वा संस्थाको नाम र ठेगाना
- अभियान वा रुपान्तरणको नेतृत्वको प्रकार/क्षेत्र;
- अभियानको शुरुवात, क्षेत्र र विधि, प्रविधिको बारेमा संक्षिप्त विवरण
- अभियानले पारेको प्रभावको बारेमा संक्षिप्त विवरण
- अभियानको निरन्तरता, विस्तार र प्रभाव बारे सिफारिसकर्ताको विश्लेषण

(सिफारिस बढिमा १० पेजको हुन सक्ने छ र सिफारिस कर्ताले आवश्यक ठानेमा प्रमाणका कागजपत्रहरु संलग्न गर्न सक्नेछन, सो सिफारिस मदन भण्डारी फाउण्डेशनको केन्द्रिय कार्यालय वा सम्बन्धित जिल्लामा रहेको फाउण्डेशनको कार्यालयमा मिती २०७९/०२/२७ को कार्यालय समय भित्र दिनुपर्ने छ ।)

२) **मदन भण्डारी राष्ट्रिय पुरस्कार** सिफारिसका लागि क्षेत्र र मापदण्डहरु

क) कृषि, पशुपंक्षी, जडिबुटीको क्षेत्रमा नया प्रविधि, विचार वा आविस्कारको प्रयोग गर्दै उत्पादन, प्रशोधन, बजारीकरण वा निर्यातको माध्यमले रोजगारीको सिर्जना, आयात प्रतिश्थापन वा विदेशी मुद्रा आर्जनमा योगदान गरिरहेको व्यक्ति वा संस्था

ख) व्यक्तिगत वा सामुहिक प्रयासबाट कृषि, पशुपंक्षी वा जडिबुटी सम्बन्धि व्यवसाय संचालन गरि दिगो तथा फाइदामुलक उत्पादन गर्ने; सुचना, विउ, मल, प्रविधि, औजार तथा बजार सम्बन्धि सेवाको बिस्तार र पहुंच; तथा यो क्षेत्रमा बैज्ञानिक सुचना को पहुच विस्तार गर्ने ब्यक्ति वा संस्था

ग) कृषि, पशुपंक्षी र जडिबुटीको क्षेत्रमा पर्यावरणमैत्री सुचना, बिधि, प्रविधि र सेवाको अभिबृद्धि गर्ने अभियानको नेतृत्व गर्ने व्यक्ति वा संस्था

यस्ता व्यक्ति वा संस्थाको बारेमा सिफारिस गर्दा निम्न सुचनाहरु संलग्न गर्नुपर्ने छः

- समृद्धिको लागि गरिएको योगदानको क्षेत्र वा क्षेत्रहरुः कृषि, पशुपंछि वा जडिबुटी
- आविस्कार वा नविनतम प्रयोगको क्षेत्र वा क्षेत्रहरुः प्रविधि वा आविस्कार, उत्पादन, प्रशोधन, भण्डारण, वजारिकरण, यान्त्रिकरण
- व्यक्ति वा संस्थाको नाम र ठेगाना
- अभियानको शुरुवात, क्षेत्र र विधि, प्रविधिको बारेमा संक्षिप्त बिबरण
- अभियानले पारेको प्रभावको बारेमा संक्षिप्त बिबरण
- अभियानको निरन्तरता, विस्तार र प्रभाव बारे सिफारिसकर्ताको बिश्लेषण

(सिफारिस बढिमा १० पेजको हुन सक्ने छ र सिफारिस कर्ताले आवश्यक ठानेमा प्रमाणका कागजपत्रहरु संलग्न गर्न सक्नेछन् । सो सिफारिस मदन भण्डारी फाउण्डेशनको केन्द्रिय कार्यालय वा सम्बन्धित जिल्लामा रहेको फाउण्डेशनको कार्यालयमा मिती २०७९/०२/२७ को कार्यालय समय भित्र दिनुपर्ने छ ।)